**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय इतिहास र संस्कृतिप्रति बिश्वब्यापी उत्साह प्रति खुशी व्यक्त गर्नुभएको छ ।

**२.** दार्जीलिंग स्थित बालुवाबास पुललाई लिएर राजनीति नगरिदने माग गर्दै आज दार्जीलिंग शहरमा बिभिन्न संघ-सस्थाहरुले जुलुसको आयोजना गर्यो l

**३.** पश्चिम बङ्गाल शिक्षा विभागका सिनियर स्पेसल सेक्रेटरी चन्दनी टुटुले आज मङपू स्थित दार्जिलिङ हिल युनिभर्सिटी साथै मङपू जोगीघाटमा निर्माण हुनलागी रहेको डीएचयु क्षेत्रको स्थलगत परिभ्रमण गर्नुभएको छ l

**४.** मुख्यमन्त्री ममता बेनर्जीले वक्फ (संशोधन) विधेयक संसदमा पेश गर्नु अघि केन्द्र सरकारले राज्यहरूसँग चर्चा गर्न कुनै पहल नगरेको आरोप लगाएकी छन्।

**५.** मिरिक थर्बु चियाकमान की चिया श्रमिक अनुदा तामाङले अरुणाचल प्रदेशको बासरमा आयोजित प्रतिष्ठित 30 किलोमिटर ब्रुट 4.0 ट्रेल रनमा पहिलो स्थान हासिल गरेकी छन्।

**प्रधानमन्त्री -भारतीय संस्कृति**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय इतिहास र संस्कृतिप्रति विश्वव्यापी उत्साहप्रति खुशी व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -'भारतीय संस्कृति वैश्विक रुपमा प्रतिध्वनित भइरहेको छ । आफ्नो विदेश भ्रमणको झलक सुनाउँदै प्रधानमन्त्री श्री मोदीले हाम्रो इतिहास र संस्कृतिप्रतिको यो अथाह उत्साह अत्यन्तै खुशीको कुरा भएको बताउनु भएको छ ।

****** ० ******

**दार्जीलिङ ऱ्याली**

दार्जीलिंग स्थित बालुवाबास पुललाई सफा गर्ने वा मरम्मति गर्ने अनुमति प्रदान गर्नुपर्छ, नभए प्रशासनले नै यसको मरम्मति गर्नुपर्छ भन्ने माग गर्दै आज दार्जीलिङमा एक जुलूस निकालियो । गत केही महीनाअघि बर्खाको पानीले बालुवाबासको सिमेन्टको पुललाई क्षति पुऱ्याएको थियो। जसलाई हाल सफा गर्ने तथा मरम्मति गर्ने कार्य भइरहेको छ। तर पुलिस प्रशासनले यस कार्यलाई रोक्ने कार्य गरेको आरोप लगाउँदै स्थानीय तथा विभिन्न संघ-संस्थाहरूले आज दार्जीलिङमा एक जुलूस निकाले। जुलूसपछि जिल्लापाल कार्यालयमा पुगेर एक ज्ञापन पनि बुझाइयो। जुलूसमा सहभागी गाउँले तथा संघ-संस्थाहरूले यस पुलमाथि राजनीति नगरिदिने अपील पनि गरेका छन्। स्मरण गराइन्छ, हाम्रो पार्टीका अध्यक्ष अजय एड्वर्ड्सको पहलमा गत केही महीनाअघि सिङ्ताम चियाबगानको फेदमा अवस्थित बालुवाबासको झोलुङ्गे पुललाई स्काई वाकको रूप दिइएको थियो भने त्यसको ठीकमुनि सिमेन्टको पुल पनि बनाइएको थियो। तर गत केही महीनाअघि आएको बर्षाको पानीले उक्त सिमेन्टको पुललाई क्षति पुऱ्याएको थियो।

****** ० ******

**मंग्पू - दार्जिलिङ हिल युनिभर्सिटी**

पश्चिम बङ्गाल शिक्षा विभागका सिनियर स्पेसल सेक्रेटरी चन्दनी टुटुले मङपू आईटीआई बिल्डीङमा अस्थायी रूपमा संचालित दार्जिलिङ हिल युनिभर्सिटी साथै मङपू जोगीघाटमा निर्माण हुनलागी रहेको डीएचयु क्षेत्रको स्थलगत परिभ्रमण गर्नुभयो । यस अवसरमा अतिरिक्त जिल्लापाल दार्जिलिङ, डीएचयुका रेजिस्टर सुजाता राणी राई, क्षेत्रीय सभासद रतन थापा अनि डीएचयुका केयरटेकर सुष्मा गुरुङ उपस्थित थिए।यस अवसरमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै क्षेत्रीय सभासद रतन थापा ले स्पेसल सेक्रेटरी चन्दनी टुटुले दार्जिलिङ हिल युनिभर्सिटी को बर्तमान स्थिति बारे जानकारी लिएको बताउनुहुदै उहाँलाई युनिभर्सिटी को समस्या अनि अभाव बारे अवगत गराइएको जानकारी दिनुभएको छ l सभासद श्री थापाले युनिभर्सिटीमा चाडै भाइस चान्सलर नियुक्त भई आउने थप जानकारी दिनुभएको छ l

****** ० ******

**मुख्यमन्त्री - वक्फ (संशोधन) विधेयक**

मुख्यमन्त्री ममता बेनर्जीले वक्फ (संशोधन) विधेयक संसदमा पेश गर्नुअघि केन्द्र सरकारले राज्यहरूसँग चर्चा गर्न कुनै पहल नगरेको आरोप लगाएकी छन्। आज विधान सभाको प्रश्नोत्तर सत्रमा भाग लिँदै मुख्यमन्त्रीले सो कुरा बताएकी हुन् । उहाँले भन्नुभयो -यदि यो विधेयक ऐन बन्यो भने वक्फको कुनै अस्तित्व रहँदैन । एक प्रश्नको जवाफमा मुख्यमन्त्री सुश्री ब्यनर्जीले राज्यमा वक्फसँग सम्बन्धित १५५ वटा मुद्दा विचाराधीन रहेको जानकारी दिनुभएको छ । उहाँले आफ्नो कार्यकालमा कुनै पनि वक्फ सम्पत्ति हस्तान्तरण नभएको पनि जानकारी दिनुभएको छ । पश्चिम बङ्गालमा धेरै सरकारी जमिन अतिक्रमण भएको मुख्यमन्त्रीले बताउनु भएको छ । बंगलादेशको मुद्दामा मुख्यमन्त्री ममता बनर्जीले बिधान सभामा आफ्नो पार्टीले केन्द्र सरकारलाई समर्थन गर्ने बताएकी थिइन् ।

****** ० ******

**सेनाद्वारा पक्राउ**

सेनाको गुप्तचर विभागको सुकना त्रिशक्ति कोरले राष्ट्रविरोधी गतिविधिमा संलग्न रहेको आरोपमा वन विभागका एक कर्मचारीलाई पक्राउ गरेको छ । सेना सुत्रअनुसार पक्राउ परेका व्यक्ति बेलगाछी निवासी हुन् । सुकना त्रिशक्ति कोर र दार्जिलिङ जिल्ला पुलिसको पानीघाटा पुलिस थाना र एन.डी.आर.एफ.को टोलीले संयुक्त अभियान चलाएर आरोपीलाई पानीघटाबाट पक्राउ गरेको बताइएको छ । जानकारी अनुसार आरोपीलाई हिजो मिरिक अदालतमा उभ्याएपछि पाँच दिनको हिरासतमा राखिएको छ।

****** ० ******

**सिलगढी पट्टा वितरण**

राष्ट्रिय राजमार्गको विस्तारको लागि आफ्नो जमीन गुमाएका परिवारलाई सिलगढी नगर निगमले जमीनको पट्टा प्रदान गरेको छ। जानकारी अनुसार, मतिगढादेखि सालुगढासम्म फोर लेनको काम शुरु भएको छ। सडक विस्तारको लागि राष्ट्रिय राजमार्गको छेउछाउमा रहेको सिलगढी नगरनिगको 45 र 2 नम्बर वर्डका 31 परिवारले आफ्नो जमीन गुमाउनु परेको थियो। ती परिवारलाई आज पट्टा हस्तान्तरण गरियो। सिलगढी नगर निगमका मेयर गौतम देव र नगर निगमका अन्य मेयर पार्षदहरूले ती परिवारलाई जमीनका कागज प्रदान गर्नुभयो। 46 नम्बर वर्डमा यी परिवारलाई राज्य सरकारको तर्फबाट जमीन दिएको बताइएको छ। मेयर गौतम देवले भन्नुभयो, आउँदो दिनमा बंगाल आवास योजना अन्तर्गत यी परिवारहरूको लागि घर बनाइने छ।

****** ० ******

**सिलगढी हिन्दू जागरण मञ्च**

बंगलादेशमा हिन्दू धर्मगुरु चिन्मय कृष्ण दासलाई पक्राउ गरिएको र अल्पसंख्यक जनतामाथि भएको आक्रमणको विरोधमा हिन्दू जागरण मञ्चका कार्यकर्ता र समर्थकहरूले सिलगढीमा विरोध प्रदर्शन गरेको छ । संगठनका सदस्यहरूले आज दिउँसो सिलगढीको बाघजतिन पार्कबाट महकुमा शासक कार्यालयसम्म ऱ्याली निकालेका थिए । संगठनका सदस्यहरूले त्यहाँ अधिकारीहरूलाई एउटा ज्ञापनपत्र पनि बुझाएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**बंगलादेश -हिन्दु -कोलकाता प्रदर्शन**

बंगलादेशमा हिन्दुहरु माथी भइरहेको अत्याचार बिरुद्ध कोलकातामा आज सैकडौ मानिसहरुले प्रदर्शन गरेको छ। बंगलादेशमा इस्कनका स्वामी चिन्मय दास अनि हिन्दुहरुको रक्षा तथा सुरक्षाको पक्षमा कोलकातामा हिन्दुहरुले ब्यापक प्रदर्शन गर्दै नाराबाजी पनि गरेको छ ।

****** ० ******

**कालेबुङ क्रिस्चियन्स क्रिसमस ऱ्याली**

कालेबुङ क्रिस्चियन्स क्रिसमस ऱ्याली कमिटीले आगामी 21 दिसम्बरको दिन कालेबुङ शहरमा एक भव्य क्रिसमस ऱ्याली आयोजना गर्ने भएको छ। आज आयोजित पत्रकार सम्मेलनमा कमिटीका अध्यक्ष पास्टर रोयल पाख्रिनले कालेबुङवासीलाई क्रिसमसको शुभ सन्देश फैलाउन र समुदायमा शान्ति तथा सहकार्यको भावना सुदृढ गर्नका लागि उक्त ऱ्यालीको आयोजना गरिएको जानकारी दिनुभएको छ ।ऱ्यालीमा कालेबुङका विभिन्न चर्चहरूसँग आबद्ध सबै ईसाई धर्मावलम्बीहरूको उपस्थिति रहने अपेक्षा गरिएको छ। ऱ्याली सम्पन्न भएपछि इन्डसट्रियल पार्क (आइपी)मा क्यारोल कार्यक्रमको आयोजना हुनेछ।

****** ० ******

**'आई लभ रङटङ' बोर्ड**

खरसाङ खण्ड पञ्चायत समितिको तर्फबाट घैयाबारी ग्राम पञ्चायत दुईको रंगटङ्गमा निर्माण गरिएको 'आई लभ रंगटङ्ग' बोर्डको आज पञ्चायत समिति सभापति अनु छेत्रीले उदघाटन गर्नुभयो। यस अवसरमा कर्माध्यक्षहरू लगायत ,पञ्चायत समिति सदस्यहरू उपस्थित थिए।रंगटङ्ग क्षेत्रमा अझ धैरै पर्यटकहरू आउन् भन्ने उद्देश्य राखेर खरसाङ खण्ड पञ्चायत समितिले उक्त बोर्ड निर्माण गरेको बताइएको छ।

****** ० ******

**भारतीय संविधान दिवस-रायगंज**

भारतीय संविधान दिवसको 75औं वर्षगाँठमा रायगंजमा पनि एउटा समारोह आयोजित गरियो। पश्चिम बंगालको उत्तर दिनाजपुर जिल्लाको रायगंज इन्स्टीट्युट हलमा आयोजित यस संविधान दिवस समारोहको विषय थियो " भारतीय संविधान:सामाजिक न्याय सुनिश्चित गर्ने जीवन्त प्रवाह"।केन्द्रीय सूचना सम्प्रसार विभागद्वारा यसको आयोजना गरिएको थियो। समारोहमा उत्तर बंग विश्व विद्यालयका प्राध्यापक गंगोत्री चक्रवर्ती, साहा इन्टीट्यूट आफ न्युक्लियर फिजिक्सका प्राध्यापक जिष्णु बसू अनि रायगंज विश्व विद्यालयका अध्यापक डा.गौतम सरकार आदिले संबोधन गर्दै भारतको संविधान र जन आकांक्षा बारे गहन प्रकाश पार्नु भयो। हाम्रा सम्वाददाता विराज नारायण रोयले दिएको जानकारी अनुसार यस अवसरमा एउटा प्रदर्शनी पनि लगाइएको थियो जसमा नन्दलाल बसुद्वारा अंकित मूलसंविधानका चित्रहरू पनि प्रदर्शित गरिएको थियो।

****** ० ******

**कम्प्युटर साइन्स बिध्यावारधी- दार्जीलिंग**

मेहनत तथा लगनशीलता भए सफलताको निम्ति शहरका नामि तथा दामी बिधालयमै शिक्षा आर्जन गर्नु जरुरी छैन भन्ने उदाहरण प्रस्तुत गर्दै दार्जिलिङ जिल्लाको मेरिबोङ चियाबारी अन्तर्गत गैरिगाउँ निवासी पूजा राईले कम्प्युटर साइन्समा बिधावारधी हासिल गर्दै क्षेत्रको नाम रोशन गरेकी छन् I स्वर्गीय सागर राई तथा सकुन्तला राईको कोखबाट १९८७ सालमा जन्मेकी राईले यसै बर्ष कम्पुटर साइन्सको "Towards Syntactic Analyses of the Nepali Language" शिर्षकमा इन्डियन ईन्स्टिच्युट अफ इन्फर्मेसन टेक्नोलोजी कल्याणीबाट बिधावारधी हासिल गरेकी हुन् I

****** ० ******

**मिरिक – धाविका अनुदा तामांग**

मिरिक थर्बु चियाकमान निम्न प्रान्तकी चिया श्रमिक अनुदा तामाङले अरुणाचल प्रदेशको बासरमा आयोजित प्रतिष्ठित 30 किलोमिटर ब्रुट 4.0 ट्रेल रनमा पहिलो स्थान हासिल गरेकी छन्। बासर रनिङ अल्ट्रा ट्रेल अनुभव-ब्रुट पूर्वोत्तर भारतको प्रमुख अन्तर्राष्ट्रिय ट्रेल दौडहरू मध्ये मान्यता प्राप्त दौड हो I मिरिक रोड रनर्सका सचिव निर्मल सिङ्गरले अनुदाको यो सफलता पहाड़को लागी ठुलो उपलब्धि रहेको बताउनु भएको छ I

****** ० ******

**मिरिक-बिकास बोर्ड**

पश्चिम बङ्गालका मुख्यमन्त्री सुश्री ममता ब्यनार्जीले केहि दिन अघि दार्जीलिंग भ्रमण अवधि दार्जीलिंग पहाडको बिभिन्न जातगत बिकास बोर्डहरुलाई पुनर्गठन गर्ने संकेत दिएपछि विकास बोर्डका पधाधिकारीहरुले सक्रियता शुरु गरेका छन् I बिकास बोर्ड पुनर्गठनलाई लिएर मिरिक नगरपालिका अध्यक्ष एलबी राईसिट आज बिभिन्न बिकास बोर्डका प्रतिनिधिहरुले भेटघाट गरेको जानकारी प्राप्त भएको छ I भेटघाट अवधी ती प्रतिनिधिहरुले बिकास बोर्डहरुलाई पुनर्गठन गर्दै सुचारु संचालन गर्न चर्चा- परिचर्चा भएको बताइएको छ I

****** ० ******

**विद्या भारती सिक्किम- 'रजत जयन्ती**

विद्या भारती सिक्किमको 'रजत जयन्ती वर्ष' शुरू भएको छ। सन् 1999 मा पहिलोपल्ट विद्या भारती सिक्किमको प्रान्तस्तरीय समिति गठन भएको थियो। आफ्नो 25 वर्षको यात्रामा विद्या भारती सिक्किमले समाजको सहयोगमा सिक्किम लगायत, दार्जिलिङ र कालेबुङ जिल्लामा भारतीय शिक्षा, संस्कारयुक्त शिक्षा, गुणात्मक शिक्षाका साथै खेलकुद गतिविधिहरूलाई उच्च प्राथमिकता दिँदै आएको छ।
विद्या भारती सिक्किमका संयोजक मोहन शर्माले विद्या भारती सिक्किमले आफ्नो 25 वर्षको यात्रा तय गर्न योगदान दिने सबैप्रति आभार प्रकट गर्नुभएको छ। संयोजक शर्माले अब वर्षव्यापीरूपमा प्रान्तीय, संकुल, विद्यालयस्तरमा विभिन्न कार्यक्रमहरू गरिने

बताउनु भएको छ। उहाँले आगामी वर्ष 2025 लाई रजत जयन्ती वर्षको रूपमा मनाउँदै सालभरि शैक्षिक, सामाजिक र सेवामूलक कार्यक्रमहरू गरिने बताउनु भएको छ l यस अवसरमा सिक्किम लगायत दार्जिलिङ र कालेबुङमा थप विकास एवं विस्तार कार्यहरू गर्ने योजना रहेको पनि जानकारी दिनुभएको छ l

****** ० ******